# बारपाक सुलिकोट गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ मिति २०७७/११०१

**भाग-१**

बारपाक सुलिकोट गाउँपालिका

गोरखा

# बारपाक सुलिकोट गाउँपालिका संस्था दर्ता ऐन, २०७७

**बारपाक सुलिकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय ताकुकोट, गोरखा ।**

**गाउँसभाबाट पारित मितिः २०७७/१०/२१**
**प्रमाणिकरण मितिः २०७७/११/०१**

# बारपाक सुलिकोट गाउँपालिका संस्था दर्ता ऐन, २०७७

**प्रस्तावनाः**

सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, खेलकुद, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी आठौं गाउँ सभाले यो ऐन जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"बारपाक सुलिकोट गाउँपालिका संस्था दर्ता ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन अध्यक्षले प्रमाणिकरण गरेको मितिबाट लागू हुनेछ ।

(३) यो ऐन बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"गाउँपालिका"** भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनुपर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले बारपाक सुलिकोट गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ग) **"वडा समिति"** भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) **"अध्यक्ष"** भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) **"वडा अध्यक्ष"** भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बारपाक सुलिकोट गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) **"सदस्य"** भन्नाले बारपाक सुलिकोट गाउँपालिका गाउँकार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको अध्यक्ष उपाध्यक्ष तथा वडा अध्यक्ष समेतलाई जनाउँछ ।

(झ) **"सभा"** भन्नाले गाउँ सभालाई सम्झनुपर्छ ।

(ञ) **"ऐन"** भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले स्थानीय तहहरुले संघीय सरकार वा प्रदेश सरकार समक्ष सम्पर्क गर्न तोकिएको मन्त्रालय सम्झनुपर्छ ।

(ठ) **"संस्था"** भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, खेलकुद, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उदेश्यले स्थापना भएको गैर नाफामुलक संघ संस्था, क्लब, मणडल, परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(ड) **"स्थानीय अधिकारी"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ढ) **"प्रबन्ध समिति"** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध (तदर्थ समिति) समिति सम्झनुपर्छ ।

(ण) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम/कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना तथा सञ्चालन गर्न हुदैन ।

४. **संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम,

(ख) उद्धेश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना,

(च) कार्यक्षेत्र ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र त्यस्तो निर्णय उपर गाउँपालिका अध्यक्ष समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि गाउँपालिका अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. **संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सवै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संघसंस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट फिर्ता लिई संघसंस्थालाई बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाही चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संघसंस्थाको कुनै सम्पत्ति वा लिखित वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्धाको कारवाही चलाउन सक्नेछ ।

७. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः** यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो कानून प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. **संस्थाको उद्धेश्यहरुमा हेरफेरः** (१) संस्थाको उद्धेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख गरीएको भएता पनि तिन आर्थिक वर्ष सम्म पनि नवीकरण नभई स्वतः खारेज हुनेछ ।

(४) उपदफा (३) बमोजिम खारेजी भएको संस्था पुनः नवीकरण गर्न खारेज भएको मितिले तीस दिनभित्र उचित कारण सहित निवेदन दिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

९. **हिसाब जाँच गर्नेः** (१) प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाब विवरण मान्यता प्राप्त परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्षको आश्विन महिना भित्र पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन पेश नगर्ने संघ संस्थालाई तोके बमोजिमको जरीवाना गरेर मात्र नवीकरण गरिनेछ ।

१०. **हिसाब जाँच गर्नेः** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकारीले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाका कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन लगाउनेछ ।

११. **निर्देशन दिनेः** गाउँ कार्यपालिकाको कार्यालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. **दण्ड सजायः** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्तो संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार देखि दश हजार रुपैंया सम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय देखि पाँच हजारसम्म जरीवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजापत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँच सय देखि पाँच हजारसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृती नलिई संस्थाको उद्धेश्य हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्धेश्य प्रतिकुल हुनेगरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. **पुनरावेदनः** दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको निर्णय उपर पैत्तीस दिनभित्र कार्यपालिकामा पुनरावेदन लाग्नेछ ।

१४. **संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको दायित्व बाहेकका जायजेथा गाउँपालिकामा सर्नेछ ।

१५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न गाउँ कार्यापलिकाले नियम, कार्य विधि बनाउन सक्नेछ ।

१६. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१७. खारेजी र बचाउः** (१) संस्था रजिष्ट्रेशन ऐन, २०१६ लगायत नेपाल सरकारद्धारा संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता गरी यस गाउँपालिकाको भौगोलिक क्षेत्र कार्यक्षेत्र रहि सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

(२) यस ऐनमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानून र प्रदेशिक कानून सँग बाझिएको खण्डमा बाझिएको हद सम्म स्वत निष्कृय हुनेछ ।